लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# गुल्मी अस्पताल

## सेवा करार पदपूर्ती सम्वन्धी सूचना

**सूचना प्रकाशित मिति : २०८१।१२।१४**

यस गुल्मी अस्पताल, तम्घासको लागि स्वास्थ्य मन्त्रालय, लुम्बिनी प्रदेशबाट स्वीकृत तथा प्रस्तावित दरबन्दी करार अन्तरगतका तपसिल बमोजिमका पदहरुमा करार कर्मचारी व्यवस्थापन कार्यबिधि-२०८० (संसोधन सहित) बमोजिम पदपूर्ती गर्नुपर्ने भएकोले २०८२ असार मसान्तसम्मको लागि देहाय बमोजिम योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिल:**

| क्र.सं | | पद | तह | माग संख्या | न्यूनतम् शैक्षिक योग्यता | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०७-०८१/०८२ | कन्सल्टेन्ट अर्थोपेडिक सर्जन | नवौं | १ जना | मान्यता प्राप्त शिक्षणसंस्थाबाट सम्बन्धित विषयमा स्नाकोत्तर गरि सम्बन्धित काउन्सिलमा दर्ता भएको। | दरबन्दी करार |
| २ | ०८-०८१/०८२ | कन्सल्टेन्ट एनेस्थेसियोलोजिष्ट | नवौं | १ जना | | |
| ३ | ०९-०८१/०८२ | कन्सल्टेन्ट पेडियाट्रिसियन | नवौं | १ जना | | |
| ४ | १०-०८१/०८२ | कन्सल्टेन्ट रेडियोलोजिष्ट | नवौं | १ जना | | |
| ५ | ११-०८१/०८२ | कन्सल्टेन्ट सर्जन | नवौं | १ जना | | |
| ६ | १२-०८१/०८२ | कन्सल्टेन्ट साइक्याट्रिष्ट | नवौं | १ जना | | |

**निम्नानुसार:**

**१.दरखास्त बुझाउने स्थान:** गुल्मी अस्पताल. तम्घासको प्रशासन शाखा।

**२.दरखास्तमा संलग्न गर्नुपर्ने कागजातहरु:** उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नागरिकताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणित प्रतिलिपि, प्रचलित नेपाल कानुन बमोजिम सम्बन्धित काउन्सिलमा दर्ता भएको प्रमाणित प्रतिलिपिहरुको पछाडि पृष्ठमा उम्मेदवार स्वयंले प्रमाणित गरी लोकसेवा आयोगको फारमको ढाँचामा सम्पूर्ण विवरणहरू भरि हालसालै खिचिएको पासपोर्ट साइजको ३ प्रति फोटोसहित पेश गर्नुपर्नेछ।

**३. दरखास्त दस्तुर:** रु १२००(एक हजार दुईसय मात्र) राजश्व शीर्षक नं. १४२२४(परीक्षा शुल्क), कार्यालयको नाम: गुल्मी अस्पताल, तम्घास (कार्यालय कोड नं. ३७००१५२०२५) मा जम्मा गर्नु पर्नेछ।

**४. दरखास्त दिने अन्तिम मिति**: २०८१।१२।२८ गते कार्यालय समयभित्र। उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट।

**५. छनोटको आधार र स्थान:** करार कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०८० बमोजिम संक्षिप्त सूची र अन्तर्वार्ता (संक्षिप्त सूचीमा परेकालाई अन्तर्वार्ताको लागि छनोट गरिनेछ।

**६. सम्पर्क मिति र स्थान:** दरखास्त पेश गर्ने अन्तिम मितिको भोलिपल्ट। **स्थान:** गुल्मी अस्पताल, तम्घास।

**७. उम्मेदवारको उमेरको हद:** २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको।

**८. पदमा रही गर्नुपर्ने कामको विवरण:** सेवा, समूह सम्बन्धी।

**९. तलब:** नेपाल सरकारको प्रचलित स्केल बमोजिम।

**१०.अन्तर्वार्ताको सूचना:** संक्षिप्त सूचीमा परेका सहभागीहरूको नामावली प्रकाशन तथा अन्तर्वार्ताको सूचना अस्पतालको सूचना पाटी, वेवसाइट https://gulmihospital.lumbini.gov.np मा प्रकाशित गरिनेछ।

**११.अन्तर्वार्ताको मिति,समय र स्थान:** स्वास्थ्य मन्त्रालय, राप्ती उपत्यका (देउखुरी) दाङले तोक्नेछ।

**१२.** सूचनामा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछन्। यस सम्बन्धमा थप जानकारी आवश्यक भएमा अस्पताल प्रशासन शाखाको सम्पर्क नं. ०७९-५२००२४ (कार्यालय समय भित्र) वा सूचना अधिकारीको सम्पर्क नं.९८५७०८४५३१मा सम्पर्क गर्नुहुन अनुरोध छ।

(नोट: यो सूचना अवधि/सम्झौता अवधि भरमा कुनै पनि स्थायी पदपूर्ति हुन आएमा विज्ञापन/सम्झौता स्वतः रद्द गरिनेछ। साथै छनोट भएका उम्मेदवारमध्ये कारणवश चालु अब २०८१/८२ भित्र कुनै पद रिक्त रहन गएमा प्राथमिकताको आधारमा वैकल्पिक उम्मेदवारबाट छनोट गरिनेछ।)

***अस्पताल प्रमुख***

लुम्बिनी प्रदेश सरकार

# गुल्मी अस्पताल, तम्घास

## सेवा करार पदपूर्ती सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१।१२।१४

यस गुल्मी अस्पताल, तम्घासको लागि अधिकृत नवौं तहका बिभिन्न प्राबिधिक पदहरुमा २०८२ असार मसान्तसम्मको लागि करार कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ। बिज्ञापन सूचना तथा बिस्तृत विवरण https://gulmihospital.lumbini.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

नि.मे.सु.

# 'विश्वको तापमान वृद्धि रोक्न थप योजना आवश्यक'

काठमाडौँ, चैत १३ । वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही ठकुरीले विश्वको तापमान वृद्धि रोक्न थप योजना बनाउनुपर्नेमा जोड दिए। जर्मनीको बर्लिनमा जारी 'पिटर्सबर्ग जलवायु संवाद'लाई मङ्गलबार सम्बोधन गर्दै उनले ब्राजिलमा यही वर्ष हुने जलवायुसम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलन (कोप-३०)मा त्यस्तो योजना अघि बढाउनुपर्ने बताएका सचिवालयले जनाएको छ।

विश्व मौसम सङ्गठनको पछिल्लो प्रतिवेदनले सन् २०२४ सबैभन्दा तातो वर्ष भएको पुष्टि गरेको थियो । मन्त्री शाहीले यसले गर्दा विश्व तापमानलाई १.५ डिग्री सेल्सियसमा सीमित राख्न थप पहल गर्नुपर्ने आवश्यकता औँल्याए।

उनले भने,'संवाद सबै पक्षलाई एकताबद्ध गर्ने मञ्च हो । जलवायु जोखिममा रहेका हिमाली राष्ट्रहरू र अतिकम विकसित देशहरूका लागि, यस्ता मञ्चहरूले पर्याप्त सहयोग र राजनीतिक गति पाउनुपर्छ ।' 'नेपाल आफ्नो तेस्रो एनडिसी प्रतिवेदन तयार गर्ने अन्तिम चरणमा छ, जुन हामी चाँडै पेस गर्ने योजनामा छौँ । हामी अन्य सबै देशहरूलाई आफ्नो एनडिसी प्रतिवेदन साथ अगाडि आउन आग्रह गर्दछौँ,'मन्त्री शाहीले भने,'हामी कोप-३० ले वार्षिक रूपमा ३०० बिलियन अमेरिकी डलर उपलब्ध गराउने विषयलाई वृद्धि गरी १.३ ट्रिलियन पुऱ्याउने अपेक्षा गर्दछौँ, जसले जोखिममा रहेका देशहरूका लागि एनडिसी र न्याप कार्यान्वयन गर्नका लागि अनुदानमा पहुँच र हानि तथा नोक्सानी सम्बोधन गर्न सरल पहुँच हुनुपर्छ ।'

सो अवसरमा मन्त्री शाहीले नेपालले आगामी जेठ २ देखि ४ गतेसम्म काठमाडौँमा आयोजना गर्न लागेको 'सगरमाथा संवाद' बारेमा जानकारी गराएका थिए । जलवायु जोखिममा रहेका पहाडी राष्ट्रहरू र अतिकम विकसित देशहरूका लागि, न्यायपूर्ण सङ्क्रमण मार्गहरू विकसित अर्थतन्त्रहरूको भन्दा फरक रहेको उल्लेख गरे । उनले सीमित स्रोत र पूर्वाधारका कारण, जोखिममा रहेका देशहरूले जलवायु जोखिमको असमान अनुपात सामना गर्नुपरेको बारेमा विश्व समुदायको ध्यानाकर्षण गराए।

पिटर्सबर्ग संवादमा सहभागी हुन मन्त्री शाही यही चैत १० गते त्यसतर्फ प्रस्थान गरेका थिए। विगत १४ वर्षदेखि जर्मन सरकारले जलवायु परिवर्तनमा बहुपक्षीय भूमिका र अन्तर्राष्ट्रिय सहकार्यको महत्वलाई प्रवर्द्धन गर्न 'पिटर्सबर्ग जलवायु संवाद' आयोजना गर्दै आएको छ।

उक्त संवादमा विशेष गरी जलवायु परिवर्तनको अन्तर्राष्ट्रिय परिप्रेक्ष्य, जलवायु कूटनीति, सबैको सहकार्यबाट पृथ्वीको बढ्दो तापक्रमलाई कसरी नियन्त्रण गर्ने र जलवायु जोखिममा परेका देशहरूलाई कसरी सहयोग गर्ने भन्ने विषयमा छलफल भइरहेको छ।

जलवायु वार्ताहरूमा विशेष भूमिका रहेका देशहरूलाई आमन्त्रित गरिने यस संवादको १५ औँ संस्करणमा पहिलोपटक नेपाल सरकारका तर्फबाट वनमन्त्री शाही सहभागी भएका छन् । कार्यक्रममा मन्त्री शाहीसँगै जर्मनीका लागि नेपाली राजदूत शैल रुपाखेती, जलवायुविज्ञ मञ्जित ढकाललगायत सहभागी छन्।

# सिद्धार्थनगरमा महिला नेत्रीहरुबिच अन्तरसंवाद हुने

भैरहवा, चैत १३ (मेसस) । रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाले महिला नेत्रीहरुबिच अन्तरसंवाद गराउने भएको छ । पूर्व राष्ट्रपति बिद्यादेवी भण्डारीको प्रमुख आतिथ्यतामा लुम्बिनी प्रदेशभित्रका महिला जनप्रतिनिधीहरु बिच यही चैत १६ गते शनिबार पटवा बेङ्क्वुटमा अन्तरसंवाद कार्यक्रम आयोजना गरिएको सिद्धार्थनगर नगरपालिकाका उपप्रमुख उमा अधिकारीले जानकारी दिइन् । कार्यक्रममा नेपालि काग्रेसका तर्फबाट केन्द्रीय सदस्य गंगा शाही, एमालेबाट पार्टी केन्द्रीय सचिव पद्मा अर्याल र माओवादी केन्द्रको तर्फबाट पूर्व सञ्चारमन्त्री रेखा शर्मालाई वक्ताको रुपमा आमन्त्रण गरिएको छ। उद्घाटन र बन्द गरी दुई सत्रमा कार्यक्रम आयोजना गरिएको र उक्त कार्यक्रममा लुम्बिनी प्रदेसका महिला सभासद, स्थानीय तहका महिला प्रमुख उपप्रमुख, महिला अध्यक्ष, उपाध्यक्ष, महिला वडा अध्यक्ष, महिला कार्यपालिका सदस्यलाई आमन्त्रण गरिएको उपप्रमुख अधिकारीले जानकारी दिइन्।

महिला जनप्रतिनिधिहरु बिच कार्यसम्पदानमा आइपरेका समस्या, समाधान, उपलब्धि, भावि सम्भावनालगायतका विषयमा केन्द्रीत रहेर अन्तर्संवाद कार्यक्रमको आयोजना गरिएको सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख इश्तियाक अहमद खाँले जानकारी दिए।

# जलविद्युत्मा लगानी गर्न भारतीय लगानीकर्तालाई 'इप्पान' को आग्रह

काठमाडौँ, चैत १३ । स्वतन्त्र ऊर्जा उत्पादकहरुको संस्था, नेपाल (इप्पान) का अध्यक्ष गणेश कार्कीले भारतीय लगानीकर्तालाई नेपालमा लगानी गर्न आग्रह गरेका छन् । नयाँ दिल्लीमा बुधबार भएको 'नेपाल-भारत इनर्जी समिटमा' बोल्दै इप्पान अध्यक्ष कार्कीले भारतीय लगानीकर्तालाई लगानीको सुरक्षा र प्रतिफलको ग्यारेन्टी रहेकाले ढुक्कसाथ लगानी गर्न आग्रह गरेका हुन् । 'नेपाल सरकारले सन् २०३५ सम्ममा २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन पुऱ्याउने महत्वाकांक्षी लक्ष्य लिएको छ। त्यसका लागि ४६.५ अर्ब डलर लगानी आवश्यक रहेकाले नेपालमा लगानीको सुनौलो अवसर छ,'कार्कीले भने।

नेपाल लगानी बोर्डले गरेको प्रारम्भिक अध्ययनअनुसार नेपालको सौर्य ऊर्जा उत्पादन क्षमता ४.३२ गिगावाटभन्दा बढी रहेकाले सौर्य ऊर्जामा पनि भारतीय लगानीकर्ताले लगानी गर्न सक्ने उनको भनाइ छ।

नेपाल आदानी समूह, टाटा पावर, जिन्दल पावर, जिएमआर समूह, एसजेभीएन लिमिटेड, एनएचपिसीजस्ता प्रमुख भारतीय व्यापारिक घरानाहरूसँग साझेदारी गर्न इच्छुक रहेको उनले जानकारी गराए। इप्पान उपाध्यक्ष आनन्द चौधरीले नेपालमा तीन हजार ५०० मेगावाट विद्युत् उत्पादन भइरहेकामा चार हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन रहेको, चार हजार १०० मेगावाट क्षमताका आयोजना विद्युत् खरिद बिक्री सम्झौता (पिपीए) गरेर वित्तीय व्यवस्थापनको पर्खाइमा रहेको र करिब २० हजार मेगावाट क्षमताका आयोजना अध्ययनको चरणमा रहेको बताए । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव चिरञ्जीवी चटौतले सरकारले अघि सारेको २८ हजार ५०० मेगावाट विद्युत् उत्पादन लक्ष्य प्राप्तिका लागि मन्त्रालयले सहजीकरण गर्ने हुँदा ढुक्कसँग लगानी गर्न आग्रह गरे । 'जलविद्युत् र नवीकरणीय ऊर्जा क्षेत्रमा लगानीका अवसरको खोजी' भन्ने नारासहित नेपाली राजदूतावास भारत र भारतीय हरित ऊर्जा महासंघको आयोजना तथा इप्पानको संस्थागत सहभागितामा उक्त सम्मेलन भएको इप्पानले जनाएको छ।

# सेयर बजारमा सुधार

काठमाडौँ, चैत १३ । साताको चौथो कारोबार दिन बुधबार नेप्से परिसूचक दोहोरो अंकले बढेर बन्द भएको छ । अघिल्लो कारोबार दिन मंगलबार ५८.०५ अंकले ओरालो लागेको नेप्से परिसूचक बुधबार ४०.४७ अंकले बढेर २६२३.२१ बिन्दुमा अडिएको हो।

यसदिन ३१७ स्क्रिप्सको ९१ लाख ४२ हजार ९४१ कित्ता सेयर ४ अर्ब २० करोड ४४ लाख ८ हजार ८९४ रुपैयाँमा खरिदबिक्री भए । नेप्से बढेपनि बुधबार कारोबार रकम भने मंगलबारको तुलनामा कम हो। नेप्से उच्च अंकले बढेपनि कुनै पनि कम्पनीको सेयर सकारात्मक सर्किट लेभलमा कारोबार भएन । बुधबार उपकार लघुवित्त वित्तीय संस्थाको सेयर सर्वाधिक ७.२७ प्रतिशतले घट्यो।

कारोबार रकमका आधारमा हिमालयन रिइन्स्योरेन्स शीर्ष स्थानमा रह्यो। सो कम्पनीको ४१ करोड मूल्य बराबरको सेयर कारोबार भयो। यसैगरी नेपाल रिइन्स्योरेन्सले ३१ करोडको सेयर कारोबार गर्दा गार्डियन माइक्रो लाइफ इन्स्योरेन्सको २२ करोड, नारायणी डेभलपमेन्ट बैंकको ११ करोड र युनाइटेड मोदी हाइड्रोपावरको १० करोड मूल्य बराबरको सेयर कारोबार भयो।

कारोबारमा आएकामध्ये २३१ स्टक्सको मूल्य बढ्दा १२ वटाको घट्यो । सबै समूहको उपसूचक सकारात्मक देखिएका छन् । लाइफ इन्स्योरेन्स र अदर्श समूहको उपसूचक २ प्रतिशत बढीले बढ्यो।

# बागलुङमा ३४३ उद्योग तथा व्यवसाय बन्द

ढोरपाटन, चैत १३ । बागलुङमा पछिल्लो साढे दुई वर्षमा ३४३ वटा उद्योग तथा व्यवसाय बन्द भएका छन् । बढ्दो बसाइसराइ र युवा शक्ति विदेश पलायन हुँदै गएपछि जिल्लामा सञ्चालित उद्योग बन्द भएका हुन् । आर्थिक वर्ष २०७९/८० देखि हालसम्म चार सय ५६ उद्योग दर्ता भएका छन् । पर्यटन तथा उद्योग कार्यालय बागलुङका प्रमुख पारसिंह थापाका अनुसार चालू आर्थिक वर्षको आठ महिनामा ७१ वटा उद्योग बन्द भएका छन् । यस अवधिमा ७२ उद्योग दर्ता भएका छन् । आर्थिक वर्ष २०७९/८० मा एक सय १७ उद्योत तथा व्यवसाय बन्द भएका छन् । जसमा उद्योगतर्फ ४४ र वाणिज्यतर्फ ७३ रहेका छन्।

त्यस वर्ष दुई सय २८ व्यवसाय दर्ता भएका छन् । जसमा उद्योगतर्फ ९७ र वाणिज्यतर्फ एक सय ३१ रहेका छन्। कार्यालय प्रमुख थापाका अनुसार अघिल्लो आर्थिक वर्ष २०८०/८१ मा उक सय ५५ उद्योग व्यवसाय बन्द भएका छन् । उद्योगतर्फ ६७ र वाणिज्यतर्फ ८८ व्यवसाय बन्द भएको उनले जानकारी दिए । अघिल्लो वर्ष उद्योगतर्फ ४३ र वाणिज्यतर्फ १०४ गरि एक सय ४७ व्यवसाय दर्ता भएको थापाको भनाइ छ। चालू आर्थिक वर्षमा भने उद्योगतर्फ ३१ र वाणिज्यतर्फ ४० गरी ७१ व्यवसाय बन्द भएका छन्। यस वर्ष उद्योगतर्फ २७ र वाणिज्यतर्फ ४५ गरी ७२ व्यवसाय दर्ता भएको प्रमुख थापा बताउँछन्।

व्यवसाय गरेको छोटो समयमै बन्द गराउनेको संख्या बढी रहेको उनको भनाइ छ । बागलुङ उद्योग वाणिज्य संघका अध्यक्ष नरेश कँडेलले कोभिड-१९ पछि आर्थिक गतिविधि साँघुरिँदै जाँदा त्यसको असर व्यापार व्यवसायमा परेको बताए । दुई वर्षको अवधिमा बागलुङ बजारबाट मात्रै ७० व्यवसायीपलायन भएको उनको भनाइ छ । मुलुकमा राजनीतिक अस्थिरता र राज्यको कर नीतिका कारण पनि व्यवसायी निराश भएर व्यवपार व्यवसाय बन्द गर्न बाध्य भएको कँडेल बताउँछन्।

अध्यक्ष कँडेलले भने,'दिनदिनै बागलुङमा व्यवसाय बन्द हुँदै गएका छन्, व्यवसाय बन्द हुने पहिलो कारण त कोभिड-१९ नै हो, आर्थिक मन्दि भयो, त्यसको प्रत्यक्ष प्रभाव व्यवसायमा पऱ्यो, यहाँका धेरै व्यवसायीले सामान लिलाम गरेर विदेश गए, अब राज्यले व्यवसायीमुखी नीति र कार्यक्रम ल्याउन नसके अझै धेरै उद्योग व्यवसाय बन्द हुने देखिन्छ।'

# स्वीट्जरल्याण्डका पर्यटकलाई नेपाल भ्रमणको निम्तो

काठमाडौँ, चैत १३ । स्वीट्जरल्याण्डको जेनेभामा नेपालको पर्यटन प्रवर्द्धन गर्दै स्वीस नागरिकलाई नेपाल भ्रमणको निम्तो दिइएको छ । नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्रसंघका लागि नेपाल स्थायी मिसन, जेनेभाको सहकार्यमा आयोजित 'नेपाल नाइट'मार्फत स्वीट्जरल्याण्डका पर्यटकलाई नेपाल भ्रमणका लागि आग्रह गरिएको हो । जेनेभमा सम्पन्न नेपाल नाइटको अवसरमा संस्कृति, पर्यटन तथा नागरिक उड्यन मन्त्रालयका सचिव विनोदप्रकाश सिंहले नेपालका प्राकृतिक सौन्दर्य, सांस्कृतिक विविधता, साहसिक पर्यटनका अवसर तथा नेपाली आतिथ्य संस्कृतिको विशेषता प्रस्तुत गर्दै स्वीट्जरल्याण्डका पर्यटकलाई नेपाल भ्रमण गर्न आह्वान गरेको बोर्डले विज्ञप्तिमार्फत जनाएको छ । सचिव सिंहले नेपाल र स्वीट्जरल्याण्डबिच सन् १९५६ देखि कायम कूटनीतिक सम्बन्धको चर्चा गर्दै यी दुई देशका भौगोलिक समानता र स्वीट्जरल्याण्डले नेपालको पूर्वाधार, प्रविधि तथा पर्यटन प्रवर्द्धनमा पुऱ्याएको योगदानलाई स्मरण गरे । उनले प्रसिद्ध स्वीस भूगर्भविद् तथा अन्वेषक डा.टोनी ह्यागेनले नेपाललाई विश्वसामु चिनाउन गरेको योगदानको प्रशंसासमेत गरे । बोर्डका वरिष्ठ प्रबन्धक खड्गविक्रम शाहले नेपालको पर्यटकीय विविधता, रमणीय भू-दृश्य, पर्यटनका नयाँ पहल तथा नीतिसम्बन्धी विस्तृत प्रस्तुति दिएका थिए । पर्यटन विभागका महानिर्देशक डा.नारायणप्रसाद रेग्मीले नेपालमा थप स्वीस पर्यटक तथा लगानीकर्तालाई स्वागत गर्न नेपाल पूर्णरूपमा तयार रहेको जानकारी गराए।

# मुरली मकै सिफारिस गर्दै मकैबाली अनुसन्धान कार्यक्रम

चितवन, चैत १३ । राष्ट्रिय मकैबाली अनुसन्धान कार्यक्रम रामपुरले पहिलोपटक मुरली मकै सिफारिसको तयारी गरेको छ । भीमनगर लोकल मुरली मकै सिफारिसको तयारी गरिएको कार्यक्रमका प्राविधिक अधिकृत प्रज्ञ पोखरेलले जानकारी दिए।

उनका अनुसार विगत छ वर्षदेखि मुलुकका विभिन्न क्षेत्रमा परीक्षण गर्दै आइएको यो मकै सिफारिसको तयारी गरिएको हो । कार्यक्रमले विभिन्न २८ जातका मुरली मकैको परीक्षण गरिरहेको भए पनि ९६ प्रतिशत फुला उड्ने यो मकै पहिलोपटक सिफारिसको तयारी गरिएको उनले बताए । उनका अनुसार यो मकै हाल चितवनको माडी र पर्साको जीतपुरमा दुई वर्षदेखि परीक्षण गरिएको छ ।त्यसैगरी कृषि अनुसन्धान निर्देशनालय खजुरा, जुटबाली अनुसन्धान कार्यक्रम इटहरीमा पनि यसको परीक्षण भइरहेको उनले बताए । अहिले कुन ठाउँमा कति उत्पादन दिन्छ भन्ने परीक्षण भइरहेको र ठाउँ सुहाउँदो भएपछि आगामी वर्षभित्र सिफारिस गरिने उनको भनाइ छ। कार्यक्रमका संयोजक तीर्थराज रिजालले नेपालमै पहिलोपटक स्थानीय जातको सिफारिस गर्ने तयारी गरिएको बताए । उनले भने,'नेपालमा मुरली मकै अहिलेसम्म सिफारिस गरिएको छैन । यस वर्षको नतिजा आएसँगै सिफारिसको प्रक्रियामा अघि बढ्छौं ।' अहिले नेपालमा मुरली मकैको बिउ विदेशबाट आयात हुने गरेको उनले बताए। नेपाली जातको भीमनगर लोकल मुरली मकैमा रोग सहन सक्ने क्षमता, उत्पादन धेरै हुने रिजालको भनाइ छ । उनका अनुसार कार्यालयले गुलियो मकै र मुरली मकैको अनुसन्धान गरिरहेको छ । आगामी वर्ष यस मकैको प्रतिवेद बिउबिजन नियन्त्रण तथा गुणस्तर केन्द्र हरिहर भवनमा प्रस्तावना पेस गर्ने गरी काम भइरहेको छ । हाल परीक्षणका क्रममा रहेका २८ जातका मकैमध्ये १० जातका मुरली मकै उत्कृष्ट रहेको छ।


कार्यालयले नेपालभर स्थानीय रुपमा लगाईंदै आएका मुरली मकैको बिउ सङ्कलन गरी परीक्षण र अनुसन्धान सुरु गरेको हो । अहिले नेपालमा व्यावसायिक रुपमा मुरली मकैखेती गर्ने किसानले आयातीत बिउको प्रयोग गरिरहेका छन्। रासस


## इट्टा चाहिएमा !

तपाईंहरुको शहर भैरहवा बुटवलमा बलियो, भरपर्दो तथा टिकाउ L.B.F. मार्का इट्टा चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।




मार्का




सम्पर्क: पडसरी-५, ठुटीपिपल, रूपन्देही
फोन: ९८५७०२३३२०, ९८५७०२३९१४, ९८५७०२३८१३ फ्याक्ट्री
नोट: पाल्पा, स्याङ्जा, गुल्मी, अर्घाखाची लगायत अन्य जिल्लाहरुमा पनि ट्रकमा पठाउने व्यवस्था छ ।


## देवदह साझेदारी वन उपभोक्ता समुह

देवदह-१०, चरङ्गे, रुपन्देही

### काठ कटान मुछान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति: २०८१/१२/१४

यस देवदह साझेदारी वन उपभोक्ता समुहको स्वीकृत वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको क्रममा पुररुत्पादन कटान क्षेत्र (रुख संख्या ४८५) छपान मुल्यांकन भएका रुखहरु कटान मुछान गरी काठ दाउरा संकलन गर्ने कार्य शिलबन्दी दरभाउपत्र प्रथाद्वारा गर्नुपर्ने भएकाले गोप्य शिलबन्दी दरभाउपत्र आव्हानका लागि यो सुचना प्रकाशन गरिएको छ । काष्ठ व्यवसाय वा कारोबार गर्न ईजाजत प्राप्त ईच्छुक व्यक्ति, संघ, संस्था, फर्म वा कम्पनीले गोप्य शिलबन्दी दरभाउपत्र सूचना प्रकाशित मितिले १५ दिनभित्र खरिद गरी १६औं दिन दिनको १:०० बजेभित्र यस कार्यालयमा पेश गर्नु हुन सुचित गरिन्छ । विस्तृत जानकारीको लागि यस समुहको कार्यालयमा टाँस भएको सुचना हेर्नहुन अनुरोध छ ।

अकवाल खाँ (अध्यक्ष)

लुम्बिनी प्रदेश सरकार

## गुल्मी अस्पताल, तम्घास

### सेवा करार पदपूर्ती सम्बन्धी सूचना

सूचना प्रकाशित मिति : २०८१।१२।१४

यस गुल्मी अस्पताल, तम्घासको लागि अधिकृत नवौं तहका बिभिन्न प्राबिधिक पदहरुमा २०८२ असार मसान्तसम्मको लागि करार कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशन भएको १५ (पन्ध्र) दिनभित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । बिज्ञापन सूचना तथा बिस्तृत विवरण https://gulmihospital.lumbini.gov.np मा राखिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

नि.मे.सु.

## राहदानी हराएको सुचना

मेरो निम्न व्यहोराको राहदानी मिति २०८१।१०।०१ गते भैरहवादेखि बुटवलतर्फ जादै गर्दा हराएको हुनाले फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहोला

नाम: यम कुमारी थारु
राहदानी नं.: १४२६७५९
ठेगाना: कञ्चन गापा-१, रूपन्देही
सम्पर्क: ९८४७४०१११११

## SHINE RESUNGA DEVELOPMENT BANK LTD.

Central Office: Butwal-11, Kalikanagar, Rupandehi
Tel: 071-415502/41503

### INVITATION FOR SEALED TENDER

(First date of publication: March 27, 2025 ( 2081-12-14)

Shine Resunga Development Bank Limited invites bids from eligible bidders for the procurement of two-units Electric vehicle.

| S. No. | Particulars | Minimum Specifications Required |
|---|---|---|
| 1 | General | The total seating capacity should be at least 5 persons including driver. |
| 2 | Electric Motor | Permanent magnet synchronous motor with minimum power 100KW and maximum torque 310. |
| 3 | Emission Standard | The emission standard of the offered vehicle must be in compliance with or superior than the applicable Standard as prescribed by Nepal Vehicle Mass Emission Standard which is to be certified by Department of Transport Management. |
| 4 | Ground Clearance | Higher ground clearance preferred (Minimum 165 mm) |
| 5 | Battery Capacity | Blade battery with minimum 60.00 capacity with minimum 10 years warranty |
| 6 | Essential Accessories | 1. Multi color gradient ambient lightning.<br>2. One touch open/close tailgate<br>3. Minimum 6 airbags<br>4. ABS<br>5. Automatic air conditioner, Heat Pump, CN95 air filter and PM 2.5 air filter<br>6. Wireless phone charger.<br>7. Driving range WLTP minimum 400 KM<br>8. Apple CarPlay and Android auto with maximum 8 speakers and additional DC charging port-CCS 2 (80KW)<br>9. E-Platform 3.0<br>10. NFC Card<br>11. Boot Space-Minimum 440L<br>12. Rear suspension multilink<br>13. Infotainment touch screen 12.8" |

- Sealed documents are to be submitted within 15 days of notice published.
- Documents received after the deadline will not be accepted.
- Tender documents sent through e-mail will not be accepted.

**Shine Resunga Development Bank Limited reserves all the rights to reject any or all the bids without assigning a reason or to cancel the entire procurement process in any stage.**

## Division Forest Office

Khalanga, Pyuthan

### Invitation for Sealed Quotation

**Date of Publication: 2081/12/14**

1. Division Forest Office, Khalanga Pyuthan invites sealed quotation from duly registered eligible bidders for the folllowing Construction of Ghatgaddi shed Works under open competitive bid.

| S. N. | Bid Name and Indentification Numbers | Last date of Bid Purchase | Last date of Bid Submission | Bid Document Fee (Nrs) | Estimated Amount (Excluding Vat and Contingency) |
|---|---|---|---|---|---|
| 1 | Construction of Ghatgaddi shed Works 3/DFO/PYU/SQ/2081/82 | 2081/12/28 B.S | 2081/12/29 B.S Upto 12:00 Baje | 1000/- | 8,50,892.52 |

2. Information to deposit the cost of Bidding Document and Bid bond in bank.

| S N | Office name | Office Code No | Name of the Bank | Revenue Account Number: | Rvenue Shirshak no. |
|---|---|---|---|---|---|
| 1 | Division Forest Office, Khalanga, Pyuthan | 3290155015 | Nepal Bank Ltd | 27402000001001000001 | 14264 |

3. Bidder can only bid through hardcopies as stated in the standard Bidding document.
4. Any conditions so far not covered shall be as per Public Procurement Act 2063 (Amendment-2073), and Public Procurement Regulation 2064 (12th Amendment-2076).
5. Division Forest Office Khalanga, Pyuthan reserves all the right to accept or reject the bid with or without prior notice whenever deemed necessary to do so.

**Divison Forest Officer**